संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८०/०६/०४, बैठक संख्या: ११

## <u>निर्णय</u>

समितिको आज बसेको बैठकमा विभिन्न १२ श्रम गन्तव्य मूलुक स्थित नेपाली नियोगका प्रमुख महमहिम राजदूत/ महावाणिज्यदूतको सहभागिता र सम्माननीय प्रधानमन्त्रीज्यूको विशेष उपस्थितिमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट गरिएको "श्रम आप्रवासनका सवालहरु र कूटनीतिक नियोगको भूमिका" विषयक अन्तरक्रियात्मक कार्यक्रमको सम्बन्धमा माननीय मन्त्री सहितका पदाधिकारीसँग छलफल भयो। साथै बैठकमा आपूर्ति व्यवस्था सम्बन्धमा समेत छलफल भएको थियो। उक्त बैठकमा भएको छलफलमा आधारमा निम्न बमोजिमको निर्णय गरियो :

१। घरेलु कामदारको व्यवस्थापनका सम्बन्धमा सम्बन्धित गन्तव्य मुलुकको वस्तुगत अवस्था र सुरक्षाका उपायहरु अपनाएर मात्र घरेलु कामदार पठाउने कार्य नमुना (Piloting) को रुपमा सुरुवात गर्ने "श्रम आप्रवासनका सवालहरु र कूटनीतिक नियोगको भूमिका" विषयक अन्तरक्रियात्मक कार्यक्रमको निर्णय भएकोले सो सम्बन्धमा भए गरेका अध्ययन, कार्य योजना र आवश्यक तयारीका बारेमा विस्तृत विवरण समितिलाई उपलब्ध गराउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने।

२। उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले चाँडपर्वहरुलाई लक्षितगरी हुने कालो बजारी, मूल्यबृद्धि, मिसावट, कृत्रिम अभाव लगायतका विषयहरुमा गरिने संसदीय अनुगमन सम्बन्धी कार्ययोजना, २०८० परिमार्जन सहित पारित गरियो।

(रामकुमार पौडेल)
समिति सचिव

(मा. अब्दुल खांन)
सभापति